# परिवर्तित सन्दर्भमा नेपाली शिक्षणका वैकल्पिक विधि

*नारायणप्रसाद पन्थ, पिएच.डी.*
*उप-प्राध्यापक*
*त्रि.वि., बुटवल बहुमुखी क्याम्पस, बुटवल*
*panthanarayank@gmail.com*

**लेखसार**

*विभिन्न समयमा देखिएका महामारीले मानव जीवनमा गम्भीर असर पार्दै आएका छन् । यही क्रममा चिनबाट सुरु भएको कोरोना भाइरस (कोभिड १९) को असरले आज विश्वसमुदाय त्रसित छ । अहिले कोरोना महामारीका कारण विश्वका अधिकांश देशहरू शैक्षिक, आर्थिक, राजनैतिक, सामाजिक र सांस्कृतिक रूपमा क्षतविक्षत भएका छन् । गरिबी, बेरोजगारी र भोकमरी जस्ता समस्याबाट ग्रसित छन् । यसले गर्दा शैक्षिक क्यालेन्डरमा समेत क्रमभङ्ग भएको छ । प्रस्तुत लेखमा परिवर्तित सर्न्दभमा नेपाली शिक्षणका वैकल्पिक विधिका विषयमा अध्ययन गरिएको छ । यस क्रममा इन्टरनेट र पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । विभिन्न अनलाइन, भर्चुअल बैठक तथा प्रत्यक्ष भेटघाट गरी विद्वान्का विचारबाट सामग्री बटुलिएको छ । अध्ययनमा तुलनात्मक तथा विश्लेषण विधिको उपयोग गरिएको छ । यस लेखमा विषयपरिचय, समस्याकथन, उद्देश्य, अध्ययन विधि, अनलाइन सिकाइ, राज्यको नीति र चुनौती, कोभिड १९ र सोचाइमा परिवर्तन वा प्याराडाइम सिफ्ट, नेपाली शिक्षणमा अनलाइनको उपयोग, सुझाव र अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ ।*

**शब्दकुन्जी :** कोभिड १९, वैकल्पिक, प्याराडाइम सिफ्ट, अनलाइन, सिकाइ सहजीकरण

## १. विषयपरिचय

कोभिड १९ सर्वप्रथम चिनको बुहान सहरमा सन् २०१९ मा देखा पर्‍यो । नेपालमा २०२० जनवरी ९ मा चिनको बुहानबाट नेपाल फर्केका एकजना नेपाली विद्यार्थीमा सहिद शुक्रराज ट्रपिकल सेन्टरमा जनवरी २३ मा प्रमाणित भएको थियो । कोभिड १९ का कारण विभिन्न क्षेत्रहरू प्रभावित भएका छन् । यो समस्याबाट शिक्षा क्षेत्र पनि अछुतो रहन सकेको छैन । विश्वमा कोभिडका कारण शिक्षा क्षेत्रमा अपुरणीय क्षति हुन सक्ने

अवस्था छ । लामो समयसम्म विद्यालय बन्द हुँदा बालबालिकाहरूले हासिल गरेका सिकाइ उपलब्धि गुम्न सक्ने र बिचमा पढाइ छाड्ने दर बढ्ने खतरा छ ।

विश्वमा दूर शिक्षाका विभिन्न प्रयोगहरू भएका छन् । सन् १९२० र ३० को दशकमा रेडियोमा शिक्षाका कार्यक्रमहरू, ७०-८० को दशकमा टेलिभिजन, ८०-९० को दशकमा सिडि रोम, १९९१ मा सुरु भएको डब्ल्यु डब्ल्यु डब्ल्यु डटकम, इमेल र १९९८ को गुगलको आगमनले समयअनुसार शिक्षा र अन्य क्षेत्रमा समयसापेक्ष प्रविधिले शिक्षणसिकाइ सजिलो र पहुँचयोग्य हुँदै आएको छ । सन् २००० यता सञ्चार प्रविधिको उच्चतम्  विकास भएको छ । "सन् १९६३ मा बेलायती प्रधानमन्त्री Herold Willson ले ल्याएको खुला विश्वविद्यालय Air University मा रूपान्तरणसँगै जापानमा University of Air को नाममा खुला विश्वविद्यालयको प्रयोग भएको थियो । यसमा टेप रेकर्डर, पत्राचार र रेडियो तथा टेलिभिजनलाई उपयोग गरिएको थियो" (बेल्वासे र पन्थ, २०७१, पृ.४५) सन् २००४ मा फेसबुक, सन् २००५ मा युट्युब, सन् २००७ पश्चात् स्मार्टफोन र याप, वाइफाइ र डेटाले धेरै सूचना, सञ्चार, सन्देश, खबर, जानकारी, समाचार र मनोरञ्जनका विविध सामग्रीहरू उपलब्ध गराएका छन् । विश्वमा लामो समयदेखि प्रविधिलाई शिक्षणविधिको अङ्ग मानिएको छ । नेपालमा पनि परम्परागत शिक्षण हुँदै आएकोमा कोरोनाकहरले अनलाइन शिक्षणविधि अबलम्बन गर्न बाध्य बनाएको छ । यसलाई नेपाली शिक्षाप्रणालीमा फड्को मार्ने महत्त्वपूर्ण अवसरका रूपमा लिनुपर्छ ।

समयसापेक्ष सिकाइ सिपको विकास र विस्तारका लागि सिकाइमा नवीन शिक्षण प्रविधिको प्रयोग अत्यावश्यक छ । गुम्बा, मदरसा, गुरुकुलबाट विकास हुँदै आएको हाम्रो शिक्षाप्रणालीलाई अन्तर्राष्ट्रिय सिकाइसँग जोड्नसमेत प्रविधियुक्त सिकाइ आवश्यक छ । मोबाइलले आज सबै उमेर समूहलाई ज्ञानको सागरमा पौडाउन थालेको छ । इन्टरनेट र यसका प्रविधि सबैका साथी बनेका छन् । प्रविधिद्वारा शिक्षणसिकाइ र परीक्षामा पनि नवीन प्रयोग भित्रिएका छन् । कम्प्युटर विज्ञान पढाउन मात्रै कम्प्युटर प्रयोग गर्ने नभई सबै विषय शिक्षण कम्प्युटरको माध्यमबाट गर्नुपर्छ भन्ने मान्यता स्थापित भएका छन् । इन्टरनेटद्वारा सिकाइका निम्ति कम्प्युटर, ट्याव वा स्मार्टफोन, उच्च गतिको, भरपर्दो इन्टरनेट र कम्प्युटर प्रयोग सिपको अनिवार्यता छ । अनलाइन सिकाइका लागि विशिष्टीकृत सफ्टवेयर वा प्रोगामको आवश्यकता हुन्छ । अहिले देखिएको जुममिटिङ, माइक्रोसफ्ट टिम्स, गुगलग्रुप वा त्यस्तै, अन्य एपबाट शिक्षणसिकाइ अगाडि बढाउनुको विकल्प छैन । संस्थागत विद्यालयले अनलाइनमार्फत पठनपाठन सुरु गरेका छन् ।

विद्यार्थीले सामुदायिक विद्यालयहरूमा रेडियो टेलिभिजन कार्यक्रम सुन्न र हेर्नका साथै विद्यालयबाट उपलब्ध गराइएको पुस्तक घरमा बसेर पढ्ने अवसर पाएका छन् । विद्यार्थीका लागि गुगलमिट, गुगल क्लासरुम, जुम र भाइवरबाट कक्षाहरू सञ्चालन भईरहेका छन् । अनलिमिटेड इन्टरनेटसेवा भएका विद्यार्थीलाई जुमबाट, डाटा लिएर कक्षामा सहभागी हुनुपर्ने, त्यो पनि सुविधा नभएका विद्यार्थीलाई नेपाल सरकारले सञ्चालन गरिरहेका रेडियो टेलिभिजनका कार्यक्रममा सहभागी गराइएको छ । धेरै निजी विद्यालय सहरी क्षेत्रमा रहेका र केही सार्वजनिक विद्यालयहरूले वैकल्पिक मोडेलको रूपमा अनलाइन कक्षा सञ्चालन गरेका छन् । सफ्टकपीहरू, श्रव्यदृश्य सामग्री, टिभि तथा रेडियोमा सामग्रीहरू प्रसारण भइरहेका छन् । यसले विद्यार्थीलाई राम्रो अवसर जुराएको छ । अनलाइनको पहुँच र सम्भावना भएका ठाउँमा तोकिएको समयमा कुनै भिडियो कन्फरेन्सिङ जस्तै : माइक्रोसफ्ट टिम्स, जुम वा गुगलमिट प्रयोग गरेर कक्षाकोठाको ढाँचामा छलफल, कक्षाकार्य, मूल्याङ्कन, परियोजनाकार्य, प्रस्तुति, अभ्यास, पृष्ठपोषण आदि गर्न सकिन्छ । विद्यार्थीले आफ्नो लचिलो समयमा शिक्षकले दिएका अथवा आफैँ इन्टरनेटमा खोजी गरी सिकाइलाई प्रभावकारी बनाउन सक्छन् । कतिपय शिक्षक अनलाइ सामग्री प्रयोग गर्न सक्षम देखिँदैनन् । त्यसका लागि सम्बन्धित विद्यालय, सरकारी तथा गैरसरकारी संस्था, इन्टरनेटसेवा र टेलिकम प्रदायक निकायले पनि समन्वय गरी समाधान निकाल्नु जरुरी छ ।

## २. समस्याकथन

प्रस्तुत लेखको मुख्य समस्या परिवर्तित सन्दर्भमा नेपाली शिक्षणमा वैकल्पिक विधिको उपयोग रहेको छ । यसै समस्यासँग सम्बन्धित रहेर निम्नलिखित सहवर्ती समस्याहरू यस लेखमा आएका छन् :

(क) प्याराडाइम सिफ्ट वा सोचाइमा आएको परिवर्तन कसरी भएको छ ?

(ख) कोभिड १९ का नकारात्मक प्रभाव के के छन् ?

(ग) कोभिड १९ का सकारात्मक प्रभाव के कस्ता छन् ?

(घ) नेपाली शिक्षणमा वैकल्पिक अनलाइन प्रविधिको उपयोग कसरी गर्न सकिन्छ ?

## ३. उद्देश्य

प्रस्तुत लेखको मुख्य उद्देश्य परिवर्तित सन्दर्भमा नेपाली शिक्षणमा वैकल्पिक विधिको उपयोग पत्ता लगाउनु रहेको छ । यसै उद्देश्यसँग सम्बन्धित रहेर निम्नलिखित सहवर्ती उद्देश्यहरू यसमा आएका छन् :

(क) प्याराडाइम सिफ्ट वा सोचाइमा आएको परिवर्तन पत्ता लगाउनु ।

(ख) कोभिड १९ का नकारात्मक प्रभाव औँल्याउनु ।

(ग) कोभिड १९ का सकारात्मक प्रभाव पत्ता लगाउनु ।

(घ) नेपाली शिक्षणमा वैकल्पिक अनलाइन प्रविधिको उपयोग बताउनु ।

## ४. अध्ययन विधि

प्रस्तुत लेखमा प्राथमिक स्रोतका रूपमा प्रश्नावली विधिद्वारा २५ जना उत्तरदाताबाट सान्दर्भिक तथ्याङ्क सङ्कलन गरिएको छ । यस क्रममा वेबिनार, जुमबैठक तथा अन्तर्वार्ताबाट तथ्याङ्क प्राप्त गरिएको छ । द्वितीय स्रोतका विभिन्न अनलाइन लेखहरू, विभिन्न पत्रपत्रिका, पुस्तकालयीय कार्य तथा इन्टरनेट अध्ययन पद्धति, विभिन्न अनलाइन वेभिनारमा प्रस्तुत विद्वान्हरूका दृष्टिकोणहरूको उपयोग गरिएको छ । तथ्याङ्कहरू विश्लेषण गर्दा वर्णनात्मक विधि उपयोग गरिएको छ । यस क्रममा शिक्षाविद्, शिक्षक, विज्ञ, पत्रकार, विद्यार्थी र अभिभावकहरूसँग छलफल गरिएको छ ।

## ५. अनलाइन सिकाइ, राज्यको नीति र चुनौती

अनलाइन सिकाइ इन्टरनेट जडान गरी सिकाइलाई प्रविधिमैत्री, खुला र विश्वव्यापी बनाउने आधुनिक औजार हो । यो लाइभ कक्षा वा रेकर्ड गरिएका श्रव्यदृश्य सामग्री इन्टरनेटको माध्यमबाट आफ्नो विद्यालयको कक्षाकोठा वा घरमा बसेर पढ्न पाउने आधुनिक सिकाइ प्रविधि हो । २०७२/०७३ देखि साविकको शैक्षिक जनशक्ति विकास केन्द्रले ब्रोडब्यान्ड इन्टरनेटका माध्यमबाट अध्यापन गर्न सुरु गरेको हो । भर्चुअल कक्षाको प्रारम्भ २०७३/०७४ मा केही विद्यालयमा मल्टिकास्टिङ प्रविधिबाट प्रयोगमा ल्याइएको थियो । हाल ब्रोडकास्टिङ पद्धतिबाट कक्षा १० र ९ का अनिवार्य विषयमा पाठहरू उत्पादन गरी नेपाल टेलिभिजनबाट प्रसारण गरिएको छ । यी उत्पादित अनलाइन पाठहरू युट्युवमा राखी विद्यार्थी तथा शिक्षकहरूले आफ्नो आवश्यकताअनुसार

हेर्न सक्ने व्यवस्थासमेत गरिएको छ । पहिले 'वान चाइल्ड, वान ल्यापटप' अर्थात् 'एक विद्यार्थी, एक ल्यापटप' भनी केही जिल्लामा ल्यापटप वितरण गरिएको थियो । पन्ध्रौं योजनामा सूचना प्रणालीलाई सुदृढीकरण गर्ने, आधारभूत तहदेखि उच्च शिक्षासम्मको शिक्षणसिकाइ प्रक्रिया तथा शिक्षक तालिममा कम्प्युटर सिप उपयोग गर्ने र यसका लागि पूर्वाधार तथा मानवीय क्षमता विकास गर्ने नीति लिइएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले सङ्घीय तथा प्रदेशस्तरमा रहने पाठ्यक्रम विकास केन्द्र तथा शिक्षक तालिम प्रदायक निकायबाट इलाइब्रेरी, भर्चुअलल्याब, भर्चुअल कक्षाकोठा र शिक्षणसिकाइमा आधारित एप्सहरूको विकास गरी प्रयोगमा ल्याइने नीति लिएको छ । सरकारले प्रशिक्षित गर्ने, विभिन्न विषयमा अनलाइन तथा अफलाइन तालिम, विभिन्न विषयका शिक्षणसिकाइ सामग्री विकास गर्ने, शिक्षक तथा विद्यार्थीका लागि विषयगत रूपमा विद्युतीय स्रोतको विकास र भण्डारणको व्यवस्था गर्ने नीति ल्याएको छ ।

हाल नेपालमा इक्लास, अनलाइन क्लास, टेक्नोल्याब, स्मार्टबोर्ड, इ-पाटीलगायतका प्रविधिहरू भित्रिएका छन् । परम्परागत चक र टक विधि विस्थापनको क्रममा छन् । प्रविधिको प्रयोगले सिकाइ प्रणालीलाई सरल र सहज  बनाएका छन् । सूचना र प्रविधिले ज्ञानको दायरालाई फराकिलो बनाएका छन् । सिकाइका लागि प्रविधिको प्रयोग निर्विकल्प भएको छ । खुला सिकाइ र खुला शिक्षा जस्ता नवीनतम धारणा आइरहेको समयमा सिकाइलाई एउटा पाठ्यपुस्तकमा बाँध्ने र नियन्त्रण गर्ने यो उपयुक्त समय होइन । अनलाइन कक्षाको माध्यमबाट खुला सिकाइको अभ्यास गर्न तीनवटै तहका सरकारहरू जिम्मेवार र उत्तरदायी बन्न जरुरी छ । यो अनलाइन सिकाइ पेडागोजी वा शिक्षणविधिमा आएको नयाँ  रूपान्तरण हो । यो आजका फोर्थ जेनरेसनको अपेक्षा, रुचि, चाहना र आवश्यकताको महत्त्वपूर्ण औजार हो । यो औपचारिक शिक्षाभित्रको खुला सिकाइ हो । नवीनतम प्रविधिहरूको समुचित व्यवस्थापन गरी देशको शैक्षिक गुणस्तर वृद्धि गर्ने हतियार हो ।

अनलाइन प्रविधिको क्षेत्रमा आएको क्रान्तिले कक्षाकोठाको सिकाइमा आमूल परिवर्तन आएको छ । हाल आएर सामाजिक सञ्जाल, क्लास ब्लगिङ र विकिस, पोड्कास्टिङ इन्टेरेक्टिभ ह्वाइटबोर्ड र विभिन्न मोबाइलका साधनहरूह जस्तै : सेल, डिजिटल, एन्ड्रोएड र स्मार्टफोन आदि प्रयोगमा आएका छन् यद्यपि सबैमा सहज पहुँच पुगेको छैन । शिक्षाविद् माइकल फुलानअनुसार "शिक्षणसिकाइमा मेसिन, मेन, मिडिया, मेथड, मेटेरियल जस्ता विभिन्न प्रविधिहरूको सान्दर्भिक प्रयोग हुनु वाञ्छनीय छ ।" शिक्षा मन्त्रालयले पनि डिजिटल कक्षाहरू बनाउनुका साथै सामुदायिक विद्यालयसम्म पहुँच

विस्तार गर्न कार्यक्रम अघि बढाइसकेको छ । आइटी ल्याबमार्फत सम्बोधन गरिँदैछ" (पाण्डे, २०७६) । हाल कक्षा १ देखि १० सम्मको पाठयक्रम, पाठयपुस्तक र 'टिचर गाइड'समेत मोबाइल एपमै पाइन्छन् । विद्यार्थीलाई आकर्षित गर्न एनिमेसन गरिएका सामग्री हेर्न र पढ्न पाइन्छ । यसमा विद्यालय तहका पाठ्यक्रमअनुसारका सामग्री राखिएका छन् । यसबाट भिडियो, गेम, सिकाइका एप्स र रमाइला अभ्यास गर्दै विद्यार्थीले ज्ञान हासिल गर्न सक्छन् । कक्षाकोठामा इन्टरेक्टिभ स्मार्टबोर्ड, एलइडी टिभि, प्रोजेक्टर, ध्वनिसंयन्त्र, स्मार्ट डिभाइसेसको उचित व्यवस्थापन गर्नुपर्छ । यस्ता साधनहरूले कक्षालाई डिजिटल मात्र होइन स्मार्ट बनाउँ छन् । यी चुनौतीहरूलाई आत्मसाथ गर्दै अगाडि बढ्नुको विकल्प छैन ।

## ६. कोभिड १९ र सोचाइमा परिवर्तन वा प्याराडाइम सिफ्ट

कोभिड १९ का कारण समग्र शैक्षिक क्यालेन्डर नै प्रभावित भई १५ औँ योजनाको लक्ष्य, दीर्घकालीन सोच २१०० र दिगो विकासका लक्ष्यमा शिक्षाको गन्तव्यसमेत प्रभावित हुने देखिन्छ । विद्यार्थीको शिक्षणसिकाइ प्रभावित हुनु, सीमान्तकृत विद्यार्थीको शिक्षा, स्वास्थ्य, सुरक्षा र पोषणमा समेत असर पर्ने देखिन्छ । शिक्षणसिकाइमा भएको क्रमभङ्गका कारण विद्यार्थीमा मनोवैज्ञानिक असर देखिन्छ । यो महामारीले शिक्षणका सोचाइमा परिवर्तन वा प्याराडाइम सिफ्ट भएको छ ।

लेखनाथ शर्माका अनुसार : कुनै एउटा अवस्थामा त्यसबेलाको दर्शन, प्रणाली, विधि, ज्ञाननिर्माण र ज्ञानको प्रसारणले खास वा विशेष अवस्थामा काम गर्न नसकेपछि नयाँ ढङ्गले वा चिन्तनले फड्को मार्ने अवस्था प्याराडाइम सिफ्ट हो । यो प्रक्रिया निरन्तर हुन्छ । समाजविज्ञानमा पनि यो लागु हुन्छ । हामीकहाँ यतिबेलाको परम्परागत सिकाइको तौरतरिका, विषयवस्तु, विधि, प्रविधिलाई अर्कै ढङ्गले पुर्नसंरचना गर्नुपर्ने अवस्था आएको छ ।

कपिलदेव लामिछानेका अनुसार : पुरानै सोच र चिन्तनले सम्भव रहेन । कालो वा सेतोपाटीलाई छाडेर आइसिटीमा कसरी फड्को मार्ने ? प्याराडाइम सिफ्टको अर्थ भर्चुअल वा अनलाइन प्रविधि मात्र होइन । अहिलेको अवस्थामा यसले सबै विद्यार्थीलाई समेट्न सक्दैन ।

रामनाथ ओझाका अनुसार : दूरशिक्षाका सबै उपायलाई उपयोग गर्नुपर्छ । इन्टरनेटसेवा सबैको पहुँचमा छैन । अब सबैले परम्परागत सोचाइ परिवर्तन गर्न सक्यौँ भने

प्याराडाइम सिफ्ट सम्भव छ । Post Covid पछि पनि यी प्रविधिलाई निरन्तरता जरुरी छ । विधि, प्रक्रिया, पद्धति र मूल्याङ्कन आदि सबैमा परिवर्तनले घचघचाइरहेको छ ।

हेमाङ्गराज अधिकारीका अनुसार : यो महामारीले शिक्षा क्षेत्रमा अन्योलको चुनौती थपेको छ । लामो समय विद्यालय जान नपाउँदा बालबालिकामा मनोवैज्ञानिक असर परेको र पढ्ने बानी छुटेपछि बिचमा नै पढाइ छाड्ने दर बढ्ने खतरा रहेको छ । सहरी क्षेत्रमा भर्चुअल माध्यमबाट शिक्षणसिकाइ सहज भएपनि ग्रामीण क्षेत्रमा यो निकै कठिन छ । अधिकांश विद्यार्थी प्रविधिको पहुँचबाहिर रहेका छन् ।

दिपक शर्माका अनुसार : सरकारले वैकल्पिक शिक्षाप्रणालीलाई जोड दिँदै सिकाइ सहजीकरण निर्देशिका-२०७७ ल्याएको, नियमित पठनपाठन सुरु नभएसम्म वैकल्पिक पठनपाठनमा जानु विकल्प नरहेको, कोरोना भाइरस बढ्दै जाँदा नियमित पठनपाठन सुरु गर्न सकिने अवस्था नभएको, प्रविधिको पहुँचमा नपुगेका विद्यार्थीलाई पठनपाठनमा सहभागी गराउने तरिका र विकल्पबारे मन्त्रालयले गृहकार्य गरिरहेको र विश्वविद्यालयहरूले वैकल्पिक सिकाइमा अझ अगाडि बढ्नुको विकल्प छैन ।

राजेन्द्र बानियाँका अनुसार : विद्यालय बन्द हुँदा बालबालिकाले बिचमै पढाइ छाड्न सक्ने खतरा चुनौतीका रूपमा रहेको, शिक्षामा निजी क्षेत्रको योगदानलाई भुल्न नहुने, देशभरका दुईहजारभन्दा बढी निजी विद्यालय बन्द रहेका र त्यहाँ कार्यरत चालिसहजारभन्दा बढी शिक्षक कर्मचारीले रोजगारी गुमाउन सक्ने सम्भावना रहेको, २० प्रतिशत विद्यार्थीले निजी विद्यालय छाड्ने सम्भावना रहेको, हालको शिक्षणसिकाइ प्रणालीले सबैलाई समेट्न नसकेकाले कोभिड १९ को प्रभावसँगै सिकाइ प्रणालीलाई पनि परिवर्तन गर्नुपर्ने समय आएको छ ।

प्रेमनारायण अर्यालका अनुसार : शिक्षा क्षेत्रमा कोभिड १९ का कारण प्याराडाइम सिफ्ट भएको छ । अब सबै शैक्षिक क्षेत्रमा आइ.सी.टी. ज्ञान अनिवार्य छ । सिकाइ Life Skill based हुनुको विकल्प छैन । व्यावहारिक र जीवनोपयोगी सिप सिकाउनु जरुरी छ ।

ऋषिराम शर्माका अनुसार : महामारीको अन्त्यपछि पनि अहिले प्रयोगमा आएका वैकल्पिक प्रविधिलाई निरन्तरता दिन जरुरी छ । अबको सिकाइ Learning to Live Together को माग भएको छ । यो हिजोको सिकाइ, विधि र तरिकालाई नयाँ ढङ्गले सोच्नुपर्ने अवस्था हो ।

बासुदेव काफ्लेका अनुसार : पेन्डामिकका कारण शिक्षणसिकाइमा पुरानो सोच र दृष्टिकोणमा परिवर्तन आएको छ । पुराना स्थापित सोचले काम गर्न नसक्दा अर्को नयाँ सोचाइ र चिन्तनलाई आत्मसाथ गरी प्याराडाइम सिफ्ट हुन्छ । यो परिवर्तन ज्ञान, प्रविधि र विधिमा हुन्छ । नयाँ सोचमा प्रविधि, विषयवस्तु र विधिको समन्वय जरुरी छ ।

पारसमणि भण्डारीका अनुसार : शिक्षकले आफैँलाई नवीकरण गर्ने, स्वमूल्याङ्कन गर्ने, पुर्नताजगी बनाउने, गतिशील बनाउने जस्ता कार्य गर्न सकेमा मात्र प्याराडाइम सिफ्ट सहज हुन सक्छ । यसका निम्ति शिक्षकको मानसिक र स्वास्थ्य ठिक हुनु जरुरी छ । त्यसैले पहिले चलिआएको शैक्षिक अभ्यासमा अहिलेको अभ्यासलाई सिकाइमा रूपान्तरण गर्न सक्छ कि सक्दैन भन्ने कुराले प्याराडाइम सिफ्टको औचित्य पुष्टि हुन्छ । कोभिडको समाप्तिपश्चात् पनि प्रयोगमा ल्याइएका नयाँ विधि र प्रविधिलाई निरन्तरता जरुरी छ ।

मनप्रसाद वाग्लेका अनुसार : जीवनको दैनिकीमा रूपान्तरण जरुरी छ । शिक्षक विद्यार्थी र अभिभावकको सम्बन्धमा सामीप्यताको जरुरी छ । ज्ञान र विषयवस्तुलाई प्रविधि तथा विधिले साथ दिन जरुरी छ । सिकाइ जीवनको लागि तयारी हो । यो स्वयम् जीवन हो । त्यसैले प्रविधिलाई संस्थागत, व्यक्तिगत र सरकारी निकायबाट समेत आत्मसाथ गर्न र प्रविधिलाई आन्तरिकीकरण गर्न जरुरी छ । यसबाट प्याराडाइम सिफ्ट वा रूपान्तरण सहज हुन्छ ।

सुरेन्द्र गिरीका अनुसार : हामी शिक्षक हौँ । हामीलाई प्रविधि सिक्ने जाँगर हुनुपर्छ । प्रविधिले हामीमा परिवर्तन ल्यायो कि ल्याएन त्यो महत्त्वपूर्ण कुरा हो । विद्यार्थीहरूसँग कुनकुन प्रविधिको पहुँच छ भन्ने कुराको अध्ययनले प्याराडाइम सिफ्टको औचित्य पुष्टि हुन्छ ।

रामचन्द्र पाण्डेका अनुसार : प्याराडाइम सिफ्टको प्रसङ्गमा खुला विश्वविद्यालयले के गर्ने ? आफ्ना गतिविधिलाई प्रविधि र ल्याब उपयुक्त बनाउनु जरुरी छ । हामीले ७ ओटै प्रदेशबाट स्थायी शिक्षकको रोस्टरबाट तालिमप्राप्त शिक्षक छनोट गरेपनि विकसित गर्न खोजिएको नवीन मूल्याङ्कन प्रणालीको निम्ति ती शिक्षकहरूमा नवीन सोच आउन नसकेकाले मूल्याङ्कनमा प्याराडाइम सिफ्ट गराउन गाह्रो भयो ।

यादवप्रकाश लामिछानेका अनुसार : पुरानै परिपाटीको मूल्याङ्कनमा अभ्यस्त भएका शिक्षकहरूबाट कसरी मूल्याङ्कनमा प्याराडाइम सिफ्ट गर्ने भन्ने कुरा चुनौतीपूर्ण छ । हाम्रो मूल्याङ्कन परिपाटी कमजोर भएकै कारण अन्तर्राष्ट्रिय बजारमा जाने हाम्रा

जनशक्तिले ILS, GRE, GMAT/SAT, IELTS CMAT आदि परीक्षा दिनुपर्ने परिपाटीबाट नै बुझियो ।

रामचन्द्र पोखरेलका अनुसार : हाम्रा विश्वविद्यालयका ९० प्रतिशत प्रश्न र विद्यालयका अधिकांश प्रश्न केवल व्याख्यामुखी मात्र हुनाले समग्र मूल्याङ्कन गर्न नसकेको प्रष्ट देखिन्छ । यस अवस्थामा मूल्याङ्कन परिपाटीमा कसरी प्याराडाइम सिफ्ट हुने भन्ने कुरा चुनौती देखिन्छ ।

विद्यानाथ कोइरालाका अनुसार : हाम्रो सिकाइ जरा र टुप्पो नभएको भयो । हामी शिक्षक बिनाजरोका भयौँ । संवादबाट पढाइ भएन । हिजो किताब बोकेर विद्यालय आउने विद्यार्थी आज त्यो अवस्थामा रहेनन् । सानै कक्षादेखि उच्च तहसम्म तहअनुसारका अनुसन्धान कार्यमा हाम्रो शिक्षण गतिविधिलाई केन्द्रित गर्न सकेमा मात्र प्याराडाइम सिफ्टको अर्थ लाग्छ ।

केदारप्रसाद शर्माका अनुसार : वैकल्पिक प्रविधिलाई उपयोग गरेर घरबाट नै पढाउन सकिन्छ । प्रयोगात्मक कक्षा प्रत्यक्ष कक्षाबाट मात्र सम्भव छ भन्ने परम्परागत सोचाइमा कसरी प्याराडाइम सिफ्टको अपेक्षा गर्ने ? परम्परागत परीक्षा परिपाटी हाम्रा निम्ति पीडा हो । खुला मोडबाट कसरी परीक्षा हुन सक्छ र ? भन्ने गलत चिन्तनबाट परीक्षामा प्याराडाइम सिफ्ट गर्न सकिँदैन ।

यसरी उल्लिखित विद्वान्हरूको भनाइको निष्कर्ष कोभिड १९ ले हाम्रो शिक्षाप्रणालीलाई आमूल परिवर्तन गर्ने सुनौलो अवसर दिएको छ । प्याराडाइम सिफ्ट भएको छ । यो सिफ्टलाई अँगाल्नुको विकल्प छैन । आजको प्रविधि र समयले पनि प्याराडाइम सिफ्ट खोजी गरेको छ ।

## ७. नेपाली शिक्षणमा अनलाइनको उपयोग

नेपाली शिक्षणमा अनलाइन सिकाइ वरदान सावित भएको छ । ल्यापटपसँग ओएचपी जोडेर पाठ्यपुस्तक वा भिडियो वा शिक्षण सामग्रीको प्रदर्शन गर्न सकिन्छ । शिक्षासम्बन्धी सामग्रीहरू र शिक्षक स्वयम्ले बनाएका शिक्षण सामग्रीहरू प्रदर्शन गरेर शिक्षण गर्न सकिन्छ । "अनलाइनमार्फत गुगल, युट्युबका सामग्रीहरू देखाउन सकिन्छ । सिकाइ कार्यकलापहरूको डकुमेन्ट, एनिमेटेड भिडियो, स्लाइडहरू र पावर प्वाइन्टहरूसमेत देखाउन सकिन्छ । यसबाट विषयवस्तुको अन्तरक्रिया, छलफल र निष्कर्ष निकाल्न सकिन्छ" (पाण्डे, २०७६) ।

इबुकमा डिजिटल किताब पढ्न, डाउनलोड गर्न, सेभ गर्न र इपुस्तकालय बनाउन, अध्ययन गर्न र प्रयोग गर्न सकिन्छ । ट्याबलेटमा पनि शिक्षासम्बन्धी एप्स डाउनलोड गरी प्रयोग गर्न सकिन्छ । यसबाट इमेल गर्न, भिडियो हेर्न र बनाउन, फोटो खिच्न र हेर्न, इडिट गर्न, टेक्स्ट लेख्न, पढ्न, डिजिटल पुस्तक पढ्न र सिकाइको मूल्याङ्कनमा समेत प्रयोग गर्न सकिन्छ । यसमा इबुक डाउनलोड गर्न, हेर्न, पढ्न, लेख्न र सम्पादन गर्न सकिन्छ । मोबाइल एप्लिकेसनहरू डाउनलोड गरी शब्दकोश हेर्न, खेल खेल्न र सिकाइको मूल्याङ्कन गर्न सकिन्छ । अडियो तथा भिडियो रेकर्ड गर्न, भिडियो हेर्न, फिल्म हेर्न, इमेल पठाउन, अनलाइन पढ्न र पढाउन, भिडियोच्याट, सामाजिक सञ्जाल चलाउन, सम्पर्क गर्न, हिसाब, प्रश्नोत्तर, गृहकार्य, कक्षाकार्य, अन्तरक्रिया आदि थुप्रै कार्यहरूका लागि स्मार्टफोनको प्रयोग गर्न सकिन्छ । आधुनिक साधनको मदतले शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्दा सिकाइ अर्थपूर्ण, प्रभावकारी, व्यावहारिक र समसामयिक बन्न पुग्दछ । नेपाली शिक्षणलाई यी सूचना र प्रविधिको प्रयोगले अझ गतिशील र प्रभावकारी बनाउने कुरामा शङ्का छैन ।

नेपाली शिक्षणका क्रममा विद्यार्थीहरूको रुचि र चाहनाअनुसारका कथा, गीत, गजल, नाटक, कविता आदिका किताबहरू पढ्ने प्रेरणा दिन जरुरी छ । उनीहरू कथा पढ्न, सुन्न र गीत गाउन रमाउँछन् । उनीहरूसँग रमाइला कथाहरू पढ्ने, सुनाउने र अन्तरक्रिया गर्न जरुरी छ । कथाका पात्रका बारेमा सोध्ने र छलफल गर्नुपर्छ । “तिमीलाई कथाको कुन पात्र मन पऱ्यो र त्यो पात्रलाई कोरोना भाइरस लाग्यो भने के गर्ने होला भनेर सोधौँ । विषयवस्तुलाई समसामयिक र रोचक बनाऔँ । विद्यार्थीहरूमा पढाइप्रति चासो जगाउने काम गरौँ” (भट्ट, २०७६) । विद्यार्थीलाई आफ्ना वरिपरि भएका वस्तुहरूको चित्र बनाउन लगाउनुपर्छ । उनीहरूलाई मनपर्ने वस्तुका चित्र कोर्न लगाउन सकिन्छ । उक्त कार्यलाई मौखिक रूपमा भन्न र लेख्न लगाउन सकिन्छ । कोरोनाबाट बच्ने उपायबारे कार्टुन वा चित्र बनाउन लगाउन सकिन्छ ।

विद्यार्थीले बनाएका चित्र वा कार्टुन हेरेर प्रशंसा गरी थप हौसला दिनुपर्छ । मनको कुरा व्यक्त गर्न चित्रकला उत्तम उपाय हो । उनीहरूलाई पेन्टिङजस्ता क्रियाकलापमा समेत संलग्न गराउन सकिन्छ । उनीहरूलाई कुनै समस्या दिनुपर्छ । त्यो समस्या कसरी समाधान गर्न सकिन्छ भनेर सोच्ने समय उपलब्ध गराउनुपर्छ । हामीले मनाउने चाडपर्व, हाम्रो खानेकुरा, हाम्रो पहिरन अनि हाम्रो वरपरको वातावरणबारे छलफल गर्न लगाउनुपर्छ ।

कोरोनाबाट कसरी बच्ने भन्ने सम्बन्धमा अन्तरक्रिया र छलफल गराई साबुन पानीले हात धुने तरिका, घरआँगन र आफ्नो लुगाकपडा कसरी सफा राख्ने भन्नेबारे प्रतिक्रिया दिन लगाउन सकिन्छ । उनीहरूलाई विभिन्न भूमिका दिएर अभिनय गर्न लगाउन सकिन्छ । जस्तै : आमाबुवा बिरामी बनी छोराछोरीलाई स्वास्थ्यकर्मीको भूमिका दिन सकिन्छ । उक्त क्रियाकलापहरूलाई मौखिक रूपमा अभिव्यक्त गर्न लगाउन सकिन्छ । त्यसैगरी अब उपचार कसरी गर्छौं भन्नेजस्ता अभिनयले विद्यार्थीका मस्तिष्कमा विभिन्न चिन्तनहरू उत्पन्न हुन्छन् । यसबाट अभिनय गर्ने बानीको विकास हुन्छ । भाषिक सिपको विकासमा यी महत्त्वपूर्ण तरिका हुन् । आधारभूत तहका विद्यार्थीहरूलाई रोग लाग्यो भने उपचार गर्न कहाँ जानुपर्छ ? कसलाई भेट्नुपर्छ ? आदि प्रश्नहरू सोधी उक्त प्रश्नहरूको मौखिक र लिखित रूपमा उत्तर दिन लगाउनुपर्छ । विद्यालयमा शिक्षक हुन्छन् । अस्पतालमा डाक्टर हुन्छन् भने कुनकुन कार्यालय वा स्थानमा के कस्ता पेसाकर्मी हुन्छन् भनी धारणाको विकास गराउन सकिन्छ । विद्यार्थीलाई बोल्न लगाएर बोलाइ सिपको विकास गराउन सकिन्छ । नेपाली शिक्षणमा यी तरिका निकै प्रभावकारी बन्न पुग्छन् ।

विद्यार्थीहरूमा समाचार हेर्ने, सुन्ने र छलफल गर्ने बानीको विकास गराउनुपर्छ । उनीहरूलाई सुनेर बुझेका कुराको नोट बनाउन र सुनाउन लगाउनाले ध्यान दिएर सुन्ने र बोल्ने सिपको विकास हुन्छ । दैनिक रूपमा नोट लेख्न लगाउँदा लेखन सिपको विकास हुन्छ । सुनाइ सिपको विकासका लागि युट्युब पनि प्रयोग गर्न सकिन्छ । भाषाशिक्षणका चारओटै सिपको सन्तुलित विकासमा यी कार्यकलाप निकै सहयोगी बन्न पुग्छन् । "विद्यार्थीलाई घरभित्रै, घरको छत, वरन्डा वा खेतबारी जहाँ मान्छेहरूको भिडभाड हुँदैन त्यस्तो ठाउँमा लगेर व्यायाम गर्न लगाउन सकिन्छ" (भट्ट, २०७६) ।

विद्यार्थीहरूका गतिविधिलाई मौखिक रूपमा व्यक्त गर्न र लेख्न प्रेरित गर्नाले भाषिक सिपको विकासमा मदत पुग्दछ । फुलवारीमा पानी राख्न सिकाउनाले विरुवाप्रति उनीहरूको लगाव र माया बढ्छ । उक्त कुरा भन्न र लेख्न लगाउनाले भाषिक सिपको विकास गराउन सकिन्छ । पुराना तस्बिरलाई सिर्जनात्मक ढङ्गबाट मिलाएर राख्ने र वर्णन गर्न लगाउन सकिन्छ । परिवारको भिडिओ बनाउने वा रुचिअनुसार ब्लग वा भिडिओब्लग तयार पार्न, उक्त कुरा भन्न र लेख्न लगाउन सकिन्छ । "प्रत्येक व्यक्तिमा व्यक्तिगत भिन्नता हुन्छन् । यो विद्यार्थीहरूको भिन्नता र क्षमताको पहिचान गर्ने मौका हो । घरमै परिवारसँग मिलेर विभिन्न परिकार बनाउँदा खाना पकाउने रुचि बढेको, फूलबारीको काम गर्न थालेको, सङ्गीत, गायन एवम् नृत्यतर्फ समय दिएको र

सिर्जनात्मक क्षमता सिकेका छन्" (अर्याल, २०७७) । सङ्गीत, चित्रकला, वास्तुकला, गायन, नृत्य, लेखनअभ्यास, सामग्रीनिर्माण, सुक्ष्म परियोजनाकार्य आदिका लागि घरमा उपयुक्त वातावरण प्रदान गर्दै अन्तर्निहित क्षमतालाई प्रस्फुटन गराउन सकिन्छ । पाठ्यपुस्तक, साहित्यिक, धार्मिक, वायोग्राफिकल पुस्तक, सन्दर्भसामग्री, उपन्यास, चित्र भएका पुस्तकहरू उपलब्ध गराई स्वअध्ययनमा जोड दिन सकिन्छ । स्वअध्ययनपछि उक्त विषय लेख्न वा भन्न लगाई भाषिक सिपको विकास गराउन सकिन्छ ।

शारीरिक र मानसिक रूपमा व्यस्त हुने खालका खेलहरूबाट पनि सिकाइमा सक्रिय गराउन सकिन्छ । पारिवारिक खेलह जस्तै : लुडो, क्यारमबोर्ड, ब्याडमिन्टन, बास्केटबल, कपर्दी, अन्ताक्षरी, शब्दजाल, पजल्स, आदिबाट विभिन्न विषयमा ज्ञानप्रदान गर्न सकिन्छ । "किशोरावस्थामा प्राकृतिक रूपमा नै किशोरकिशोरीहरू आफ्नै उमेरसमूहमा साथीहरूसँग बढी हिमचिम गर्ने, विचार र भावना साट्ने, विपरीत लिङ्गीप्रति आकर्षित हुने, जीवनका विभिन्न कुरालाई अर्थ्याउन खोजेर आफ्नो पहिचान खोज्ने कोसिस गरिरहेका हुन्छन्" (अर्याल, २०७७) । उनीहरूलाई विभिन्न समस्या आउँदा कसरी समाधान गर्ने, प्रभावकारी सञ्चार कसरी गर्ने र त्यस्तो समयमा सही निर्णय कसरी लिने भनेर बोल्न र लेख्न प्रेरित गर्न सकिन्छ । यसले उनीहरूमा आत्मविश्वास बढ्छ । उक्त अनुभूतिहरूलाई बोल्न, भन्न र लेख्न लगाएर भाषिक सिपको विकास गराउन सकिन्छ । "स्मार्टबोर्ड, स्मार्टमोबाइल, ट्याव र ल्यापटपमा चल्ने विद्यालय शिक्षासम्बन्धी सिकाइका एप्सहरू, स्टाटर, इलर्निङ, मिदास इक्लासका एप्स, सिडिसि नेपाल एप्स, गेमहरू, पाठसम्बन्धित कथा, कविता र नाटकको भिजुअलाईजेसनहरू समावेश गरी योजना निर्माण गर्नुपर्छ" (पाण्डे, २०७६) ।

बोर्डमात्र स्मार्ट होइन, शिक्षक र विद्यार्थी दुवै स्मार्ट हुनु आवश्यक छ । नेटबाट युट्युबमा राखिएका सामग्रीहरूको श्रव्यदृश्य सामग्री, भिडियोहरू, फिल्महरू तथा शिक्षकले बनाएका भिडियो वा शिक्षणसामग्रीहरू मेमोरीकार्ड, पेनड्राइभबाट प्रदर्शन गरेर मनोरञ्जनात्मक ढङ्गले भिजुअल कथा, कविता, नाटक, क्यारिकेचर देखाएर वा गर्न लगाएर रेकर्ड गरेर सिकाउन सकिन्छ । यी क्रियाकलापहरूसँगै भाषिक सिपको विकास भएको हुन्छ । विद्यार्थीका साथीका अनुभव सुन्न लगाउने, आफ्ना अनुभव भन्न लगाउने, कथा सुनाउने, चलचित्र देखाउने, चलचित्रको घटनाक्रम यसपछि के होला ? भनी जिज्ञासा उत्पन्न गराउने, चित्रकथा बनाउन लगाउने, चित्रकथालाई शब्दमा व्यक्त गर्न लगाउनेजस्ता कार्यकलापद्वारा शिक्षणलाई प्रभावकारी बनाउन सकिन्छ । आफ्नो जीवन, अनुभव र गतिविधिसँग सम्बन्धित अनुच्छेद लेख्न लगाउन सकिन्छ । पत्रपत्रिका तथा

पुस्तकमा छापिएका चित्र वा कार्टुन हेरेर मौखिक र लिखित रूपमा अभिव्यक्ति दिन लगाउन सकिन्छ । पत्रिकामा प्रकाशित सूचना र विज्ञापन हेरेर छलफल गराउने र लेखाउने जस्ता क्रियाकलापबाट व्यावहारिक लेखन सिपको विकास गराउन सकिन्छ । साहित्यिक विधा पढ्न लगाई उक्त विधाका सम्बन्धमा आआफ्ना प्रतिक्रिया मौखिक रूपमा भन्न र लेख्न लगाउन सकिन्छ ।

यसरी शिक्षक तथा अभिभावकहरूले दैनिक केही समय रचनात्मक क्रियाकलाप जस्तै चित्रकला, पेन्टिङ, कथा, कविता, लेखन आदि कार्यमा प्रोत्साहन गर्ने, पुस्तकहरू पढ्न प्रेरित गर्ने, भाषिक सिपका बुद्धिमत्ता परीक्षणहरू अभ्यास गर्ने तथा मनोरञ्जनात्मक क्रियाकलापहरूमा व्यस्त रहन प्रेरित गर्नुपर्दछ । यसले विद्यार्थीमा पठनपाठन गर्ने बानीमा वृद्धि गराउँ छ । दैनिक जीवनका क्रियाकलापलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइका अभ्यासबाट नेपाली शिक्षण सिकाइमा सहयोग पुग्दछ ।

## ८. कोभिड-१९ का सकारात्मक प्रभाव

कोभिड १९ नकारात्मक भए पनि यसले शिक्षालगायत विभिन्न क्षेत्रहरूमा केही अवसरहरू पनि सृजना गरेको छ ।यसले आफूलाई अद्यावधिक गरी शिक्षणसिकाइका वैकल्पिक माध्यम खोज गरी तीमार्फत सिक्न र सिकाउन तयारी हुनुपर्ने बाध्यात्मक अवस्था सृजना गरेको छ । यसले गर्दा विद्यालय शिक्षामा रिफ्रेमिङ, रिएइस्ट्चरिङका लागि अवसर प्राप्त भएको छ । प्रविधिको प्रयोग गर्ने बानीको विकास हुन थालेको छ । अनलाइन तथा अफलाइन सिकाइलाई निरन्तरता दिने अवसर प्राप्त भएका छन् । स्वअध्ययन गर्ने बानीको विकास भएको छ । “शिक्षण क्रियाकलाप निरन्तरताका लागि मौजुदा व्यवस्था नै परिवर्तन हुने अवस्था आइरहेको छ । यसलाई शैक्षिक विकास र शिक्षाक्षेत्रको प्रतिमान सिफ्टको रूपमा स्वीकार गर्नुपर्छ” (महरा, २०७७) । शैक्षिक जनशक्ति र स्क्रिनयुगीन सिकारुबिचमा शिक्षाप्रणालीले अपडेट गर्ने अवसर प्राप्त गरेको छ । शिक्षकले आफूलाई अद्यावधिक गरी वैकल्पिक माध्यमको प्रयोगमार्फत सिक्न र सिकाउन तयारी हुनुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ । सिक्ने सिकाउने दुवै पक्षलाई प्रविधिमैत्री वातावरणको आधारशीला तयार भएका छन् । प्रविधिको उपयोग गर्ने बानीको विकास हुन थालेको छ । अनलाइन अफलाइन मोडमा सिकाइलाई निरन्तरता दिने अवसर दिएको छ । रेडियो, स्थानीय एफ.एम., टेलिभिजन र इन्टरनेटमार्फत वैकल्पिक सिकाइका लागि सहज वातावरण निर्माण भएको छ । स्वअध्ययन गर्ने बानीको

विकास भएको छ । सिकाइ सहजीकरण, अनुभव आदानप्रदान र क्षमता विकासका पर्याप्त अवसर उपलब्ध भएका छन् ।

यसरी कोभिड १९ समस्या मात्र नभएर अवसरका रूपमा सहकार्य गर्दैछ । नवीन प्रविधिले शिक्षणसिकाइलाई रमाइलो र चाखलाग्दो बनाएका छन् । यिनले विद्यार्थीमा अनुसन्धान र खोज गरेर सिक्ने बानीको विकास गरिदिएका छन् । विद्यालयहरूले दैनिक गृहकार्यको साटो परियोजनाकार्य दिन सजिलो भएको छ । विद्यार्थीले इन्टरनेट तथा अन्य क्षेत्रबाट सामग्री खोजेर पूरा गर्ने अवसर प्राप्त गरेका छन् । किताबकापीको ठुलो झोलाको स्थानमा एउटा मोबाइल वा ल्यापटप भए पुग्ने भएको छ । इमेलद्वारा नै गृहकार्य दिने र इमेलबाटै शिक्षकलाई बुझाउने नयाँ तरिका प्रयोगमा आउन थालेका छन् । कम्प्युटर, इमेल, इन्टरनेट बरदान सावित भएका छन् । सिकेका ज्ञानलाई स्थायी बनाउन, नयाँ नयाँ विषयमा ज्ञानआर्जन गर्न इन्टरनेटको प्रयोगले दृष्टिकोण नै बदलिदिएको छ । प्रविधिलाई पढाइसँग जोडिदिँदा सिकाइ रुचिपूर्ण र खोजमूलक बन्दै गएको छ ।

विद्यार्थीको एउटा ल्यापटप वा मोवाइलमा नै सम्पूर्ण विषयका पाठ्यपुस्तकहरू अट्ने भएका छन् । विद्यार्थीले आफूलाई मनलागेको बेला उनीहरूले मोवाइल र ल्यापटपमा सम्बन्धित विषयका पुस्तक पढ्न सक्ने भएका छन् । यसले हाम्रो शिक्षणसिकाइ प्रणालीलाई प्रविधिमैत्री बनाउँदै लगेको छ । शिक्षक एकोहोरो कराएर पढाउनुभन्दा प्रविधिमार्फत श्रव्यदृश्यको आधारमा सिकाउँदा प्रभावकारी भएको छ (क्षत्री, २०७७) । यसरी अनलाइन कक्षाका निकै फाइदाहरू देखिन्छन् । यसले नकारात्मक मात्र होइन सकारात्मक प्रभाव पनि पारेको छ ।

## ९. सुझाव

शिक्षालाई व्यावहारिक, जीवनोपयोगी र संस्कारयुक्त बनाउनु जरुरी छ । यो नयाँ नयाँ अनुसन्धान, गराउने, पढाउने र सिकाउने शैलीको विकास गर्ने उपयुक्त अवसर पनि हो । प्रविधिलाई सदुपयोग गर्न सकियो भने यसले जीवनलाई सरल बनाउने कुरामा शङ्का छैन । आगामी दिनमा सबै कक्षाका सबै विषयका अनलाइन पाठहरू उत्पादन गरी सबै केन्द्रीय, स्थानीय रेडियो र टेलिभिजनबाट सहकार्य र समन्वय गरी प्रसारण गर्ने व्यवस्था मिलाउनु टड्कारो आवश्यकता छ । "स्टाटिस्टा डटकमको २०१९ को तथ्याङ्कअनुसार, अल्पविकसित मुलुकहरूमा केवल ३८ दशमलव ५ प्रतिशत घरपरिवारसँग मात्र कम्प्युटर छ । विकसित मुलुकमा भने ८२ दशमलव ३ प्रतिशत घरपरिवारसँग कम्प्युटरको

उपलब्धता छ । नेपालका अधिकांश विद्यार्थीसँग डिजिटल सिकाइका साधन कम्प्युटर डिभाइसको उपलब्धता नै छैन" (ओझा, २०७७) भन्ने कुरा उल्लेख गरिएको छ ।

इन्टरनेट र विद्युतपहुँच वृद्धि गरी विद्यालयबाट शिक्षणसिकाइ क्रियाकलाप र मूल्याङ्कन प्रणालीलाई अनलाइन पाठ्यवस्तु पढाइ र परीक्षाप्रणाली विकास गरी विद्यार्थीको घरघरमा पुऱ्याउनु जरुरी छ । सरकारले अनलाइन, डिजिटल, भर्चुअल, श्रव्यदृश्य कक्षा जस्ता विभिन्न प्रविधिहरूको प्रयोग गरी सिकाइअगाडि बढाउन समन्वय गर्नुपर्दछ । सरकारले शिक्षाविकास तथा समन्वय इकाइहरूसँग समन्वय गरी सिकाइका प्याकेज, अनलाइन पाठ्यसामग्री निर्माण गरी शैक्षिक कार्यक्रम सञ्चालन गर्न जरुरी छ । स्थानीय तहहरूले विद्यालयसँग समन्वय गरी स्थानीय रेडियो, एफएम, टिभिबाट घरघरमा सिकाइ कार्यक्रमको सञ्चालन गर्नुपर्छ । विद्यालयहरूलाई इन्टरनेट सञ्जालमा जोड्न कम्प्युटर वितरण तथा इन्टरनेट सुविधाका साझेदारी कार्यक्रम अनिवार्य छ । शिक्षकहरूको क्षमता विकासका लागि विशेष कार्यक्रम विकास गर्न प्रोत्साहित हुने नीति जरुरी छ । शिक्षकतालिमको विषयवस्तुमा कम्प्युटर शिक्षालाई समेट्नुपर्छ । श्रव्य र दृश्य, दूरशिक्षा र भर्चुअल क्लासरुम सञ्चालन गर्नुपर्छ । इन्टरनेटसेवा प्रदायक कम्पनीहरूसँग समन्वय गरी विद्यार्थीहरूका लागि विशेष सेवा उपलब्ध गराउनुपर्छ । इन्टरनेटको सहज पहुँच नपुग्ने स्थानहरूमा रेडियो, एफएम, राष्ट्रिय तथा स्थानीय मिडियामार्फत शैक्षिक कार्यक्रम सञ्चालन गर्न जरुरी छ । महामारीको प्रकोपलाई देखाएर पहिले स्वास्थ्य अनि मात्रै शिक्षा भन्ने छुट कसैलाई पनि हुनुहुँदैन । विद्यालयमा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षणसिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने र उच्च गतिको इन्टरनेटसेवाको क्रमशः विस्तार गर्नु जरुरी छ । शिक्षणसिकाइमा आधारित एप्सहरूको विकास गरी प्रयोगमा ल्याउन जरुरी छ । विद्यार्थीलाई रेडियो, अनलाइन र टेलिभिजनबाट अध्ययन गर्ने वैकल्पिक बाटो अनुसरण गर्नुको विकल्प छैन ।

## १०. निष्कर्ष

समयसमयमा विभिन्न महामारीहरू देखा पर्दछन् । कुनै पनि महामारीमा वैकल्पिक रूपमा पठनपाठन गर्नु जरुरी छ । परिवर्तित सन्दर्भमा विद्यार्थीहरूको शैक्षिक वर्ष क्षति नहुने गरी वैकल्पिक उपाय अपनाउनु पर्दछ । यस क्रममा परम्परागत शैक्षिक दृष्टिकोणमा परिवर्तन वा रूपान्तरण गर्नुपर्ने हुन्छ । यसलाई प्याराडाइम सिफ्ट वा सोचाइमा परिवर्तन भन्ने गरिन्छ । महामारीका समयमा रिफ्रेमिङको गम्भीरतालाई आत्मसाथ गर्दै अगाडि बढ्नुको विकल्प छैन । हाल कोभिड १९ को दोस्रो लहरमा समेत विश्वव्यापी रूपमा सबै

विद्यालय तथा विश्वविद्यालय भौतिक रूपमा बन्द भएको अवस्था छ । जनमानसमा विद्यालय खोल्नु हुँदैन भन्ने दृष्टिकोण कायमै छ । यस अवस्थामा अनलाइन शैक्षिक पूर्वाधार तयार गर्नुको विकल्प छैन । शिक्षा क्षेत्रमा प्याराडाइम सिफ्ट भएको छ । विद्यार्थीको पहुँचमा हुने गरी डिजिटल विषयवस्तु निर्माण गर्नु जरुरी छ । शिक्षकको सक्षमता विकास गर्नु गराउनुको पनि विकल्प छैन । नियमित पठनपाठन नभएसम्म सबै उपलब्ध विधि र तरिका उपयोग गरी सिकाइ सहजीकरण जरुरी छ । सहजीकरण निर्देशिकाअनुसारको शिक्षणविधि र तरिका नै औपचारिक हुने र भौतिक रूपमा नियमित पठनपाठन सुरु भएपश्चात् यो विधि र प्रविधि पूरकविधि बन्न सक्ने प्रावधानबाट शैक्षिक क्षेत्रमा वैकल्पिक उपाय कार्यान्वयन गर्नुको विकल्प छैन । सहर केन्द्रित अभिभावक ग्रामीण क्षेत्रमा वा अन्य क्षेत्रमा स्थानान्तरण भएकाले विद्यार्थी पनि स्थानान्तरण भएका छन् । यस अवस्थामा विद्यार्थीहरूलाई स्थानीय विद्यालयमा जोड्नुपर्ने चुनौती पनि छन् । विगतको शैक्षिक क्यालेन्डर र शैक्षिकसत्रको परिभाषा पनि क्रमभङ्गको अवस्थामा छ । विद्यार्थीलाई अनलाइन, रेडियो, टेलिभिजन र स्वअध्ययनबाट पठनपाठन गरिँदैछ । स्वअध्ययन सामग्री र पाठ्यपुस्तक घरघरमा पुऱ्याउनु जरुरी छ । शैक्षिक गतिविधिलाई जीवन्त राख्न र शैक्षिक जोखिमलाई न्यूनीकरण गर्न शैक्षिक संस्था र विश्वविद्यालयहरू चुक्नु हुँदैन । जुन क्षेत्रका विद्यार्थी स्रोतसाधनको पहुँचमा छन्, उनीहरूका लागि अनलाइन क्लास सञ्चालन गर्नुको विकल्प देखिँदैन । कम्प्युटरको पहुँच भएको तर इन्टरनेटको सुविधा नभएको अवस्थामा अफलाइन मोडका श्रव्य, श्रव्यदृश्य, सिडीलगायतका शिक्षणप्याकेज तयारी गरी सिकारुको हातमा पुऱ्याउने र सहजीकरण गर्नु टड्कारो आवश्यकता देखिन्छ । अनलाइनमार्फत शिक्षण क्रियाकलापलाई प्रभावकारी रूपमा सञ्चालन गर्नुको विकल्प छैन । यसका लागि लगनशील विद्यार्थी, समर्पित शिक्षक, जिम्मेवार व्यवस्थापक, उत्तरदायी अभिभावक र प्राज्ञिक वातावरण सिर्जना गरी शिक्षाको प्रविधितर्फ जोड दिनु जरुरी छ । नेपाली शिक्षणका वैकल्पिक उपायहरूलाई पर्याप्त मात्रामा उपयोगमा ल्याउन सकिन्छ । समयसापेक्ष अनलाइन कक्षामा अपनाइने विधि, तरिका, शिक्षण रणनीति र आवश्यक पर्ने साधनहरू सजिलै उपलब्ध गराउन जरुरी छ । सूचना प्रविधिको विकासका साथै पर्याप्त तालिम र अभ्यासमा जोड दिन जरुरी छ । सरकारले सबै स्थानमा इन्टरनेटसेवाको विस्तार गर्ने, इन्टरनेटको पहुँच नहुने स्थानमा नेपाल टेलिकमको फोरजी सेवाको व्यवस्थापन गर्न जरुरी देखिन्छ । कोभिड १९ को प्रथम र दोस्रो लहरको महामारीले जनतामा त्रासको वातावरण सिर्जना गर्नुका साथै अवसर पनि दिएको छ ।

## सन्दर्भ सामग्री


अर्याल (२०७७, वैशाख २५ बिहीबार), *शिक्षण सिकाइमा सरकार, शिक्षक र अभिभावकको भूमिका,* साभार : https://hamrakura. com /news-details/78339/2020-05-07.

ओझा, अविन (सन् २०२०, मे.२८), *बहसमा अनलाइन शिक्षण सिकाइ,* साभार : https://corporatekhabar.com/2020/05/28495

गौतम, दयाराम (२०७७, वैशाख २२), *भर्चुवल क्लासका अप्ठ्याराहरू,* साभार: https://ekantipur.com/opinion/2020/05/04/15885605122461189 7.html

थापा, मनिष र प्रमिला के.सी. (२०७७, वैशाख १९), *नेपालमा अनलाइन स्कुलिङका चुनौती र सम्भावना,* साभार :https://ratopati.com

पन्थ, नारायणप्रसाद (२०६९), *शिक्षाको परिचय,* काठमाडौँ : एशिया पब्लिकेसन ।

पाठ्यक्रम विकास केन्द्र (२०७७), *विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका,* भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०७७), *पाठ्यवस्तु समायोजन ढाँचा, २०७७,* भक्तपुर ।

बेल्वासे, नारायणप्रसाद र पन्थ नारायणप्रसाद (२०७१), *शिक्षाको दर्शनशास्त्रीय एवम् समाजशास्त्रीय आधार (पाँचौ संस्क.),* काठमाडौँ : बुद्ध एकेडेमिक पब्लिसर्स एन्ड डिष्ट्रिब्युटर्स प्रा.लि. ।

महरा, राजेन्द्रसिंह (२०७७, असार २१), *नेपालको शिक्षाप्रणाली, कोरोनाको प्रभाव र शिक्षण क्रियाकलापमा वैकल्पिक उपाय,* साभार : https://edukhabar.com.

समृद्ध समाज संवाददाता (२०७७, असार ११), *जोखिमपूर्ण तर राम्रो सुरुवात,* साभार : https://sambridhasamaj.com.np/ archives/6086.

सिलवाल, राजु (२०७७, श्रावण ३), *भर्चुवल कक्षा र प्रविधिमा आधारित वैकल्पिक शिक्षा समयको भाग,* साभार : https://gorkhapatraonline.com/ saturday/ 2020-07-18-18694

क्षेत्री, रोशन (२०७७, जेठ २१), *जमानाअनुसार पढाइमा प्रविधि र त्यो खरिपाटीदेखि यो भर्चुवल कक्षा,* साभार : https:// educationpati.com/padhaimaprabidhi

पाण्डे, प्रकाश (२०७६, भाद्र १९), *शिक्षामा प्रविधिको प्रयोग कसरी गर्ने, स्मार्ट शिक्षण,* साभार : https://samatalonline.com/ archives/3027

भट्ट, केशवराज (२०७६, चैत्र १२), *कोरोनाको त्रासले बालबालिकामा पर्ने प्रभाव र अभिभावकले ध्यान दिनुपर्ने ११ कुरा,* साभार : https://lokaantar .com/story/104044/2020/3/25/corona

जैसी, जायश्वर (२०७६, चैत्र २६ गते बुधबार), *शिक्षा क्षेत्रमा कारोनाले पारेको प्रभाव,* साभार :https://www .ajakopost .com/opinion/452

भर्चुअल शिक्षा समयको माग (२०७७), साभार : https:// gorakhapatraonline.com/Saturday/2020-07-18/18694.

Webinar (2077, Asar 5), Teacher Educationist Society Nepal, TESON.

Webinar (2020, September 10) https://nren.zoom.us/j/5177462067.